पुथा उत्तरगङ्गा गाउँपालिका
puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प सं.: ०८०।०८१
सुचना नं. ०४

प्रथम पटक प्रकाशित मितिः २०८०।०८।२२ गते

## कृषि तथा पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रमहरुको लागी प्रस्ताव पेश गर्ने सम्बन्धी

## सुचना

आ.व. २०८०/८१ को लागी कृषि तथा पशु सेवा शाखा मार्फत संघिय सरकार/प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तथा गाउँपालिका समानिकरण अनुदानबाट संन्चालन हुने गरि तपसिलका कार्यक्रमहरु गर्न इच्छुक कृषि/पशुपन्छीपालन कफर्म/कृषक समुह/समिती/सहकारीहरुले यो सुचना प्रकाशित भएको मितिले **१५ औँ दिन (मिति २०८०/०९/०७ गते भित्र)** सम्म कार्यालय समय भित्र निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**संन्चालन हुने कार्यक्रमहरुः-**

| क्र. स. | कार्यक्रम | मापदण्ड | संन्चालन गर्न सकिने क्रियाकलाप | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| १ | मकै बाली प्रवर्द्धन कार्यक्रम(बाली विकास) | ➢ तोकिएको क्षेत्रमा आवश्यक क्षेत्रफल कम्तिमा २ हेक्टर हुनुपर्नेछ। | ➢ मकै बालि उत्पादन र उत्पादकत्व बृद्धिमा टेवा पूर्याउने प्रकारका क्रियाकलाप। | ➢ पूर्वाधार निर्माणको हकमा कुल लागतको ८५ प्रतिशत र अन्य खरिदको हकमा ५०प्रतिशत बढिमा।<br>➢ प्रति आयोजना अधिकतम २ लाख। |
| २ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम(बाली विकास) | ➢ तोकिएको क्षेत्रमा आवश्यक क्षेत्रफल कम्तिमा १ हेक्टर हुनु पर्ने छ। | ➢ लोपोन्मुख खाद्यान्न बाली संरक्षण एंवम् बाली प्रवर्द्धन गर्ने। | ➢ पूर्वाधार निर्माणको हकमा कुल लागतको ८५ प्रतिशत र अन्य खरिदको हकमा ५० प्रतिशत बढिमा<br>➢ प्रति आयोजना अधिकतम १लाख। |
| ३ | अपाङ्ग/घाइते/सहिद परिवार र द्वन्द पिडितहरुको लागि कृषि/पशुपन्छी विकास कार्यक्रम | ➢ अपाङ्ग/घाइते/सहिद परिवार र द्वन्द पिडित भएको भनि पहिचान खुलेको हुनु पर्ने।<br>➢ व्यबसायउन्मुख उत्पादनमुलक कार्यक्रम संन्चालन गर्नु पर्ने।<br>➢ तोकिएको क्षेत्रमा आवश्यक क्षेत्रफल कम्तिमा ५ रोपनी हुनु पर्ने। | ➢ पशुपालन/कुखुरापालन/तरकारी / साना सिचाँई/नर्सरी ब्यवस्थापन/फलफुल/जडिबुटि लगायत भुगोल र हावापानी अनुकुल अन्य कार्यक्रमहरु। | ➢ पूर्वाधार निर्माणको हकमा कुल लागतको ८५ प्रतिशत र अन्य खरिदको हकमा ७५ प्रतिशत अनुदान।<br>➢ प्रति आयोजना अधिकतम १ लाख। |

समिर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत

puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मितिः २०८०।०८।२२ गते

प स.: ०८०।०८१
सुचना नं. ०४

| | | | | |
|---|---|---|---|---|
| | | ➢ पशुपन्छीको हकमा पहिले देखि नै सो व्यवसाय गरिरहेकोलाई पहिलो प्राथामिकता दिइनेछ । ➢ सहिद परिवारको हकमा नाता प्रमाणित र घाइते/द्धन्द पिडिको हकमा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सिफारिस पत्र अनिवार्य हुनुपर्नेछ । ➢ सहिद परिवारलाई पहिलो प्राथामिकता दिइनेछ । | | |
| ४ | सेमी हाईटेक नर्सरी निर्माण | ➢ तोकिएको क्षेत्रमा आवश्यक क्षेत्रफल कम्तिमा २ रोपनी | ➢ नयाँ नर्सरी श्रोत स्थापना । | ➢ पूर्वाधार निर्माणको हकमा कुल लागतको ८५ प्रतिशत र अन्य खरिदको हकमा ७५ प्रतिशत। ➢ प्रति आयोजना ३ लाख ५० हजार सम्म |
| | लागत साझेदारीमा साना सिँचाई मर्मत तथा सम्भार कार्यक्रम | ➢ तोकिएको क्षेत्रमा आवश्यक क्षेत्रफल कम्तिमा ५ रोपनीमा । | ➢ नयाँ सिँचाई निर्माण,पाईप खरिदर पुरानो सिँचाई मर्मत संभार | ➢ पूर्वाधार निर्माणको हकमा कुल लागतको ८५ प्रतिशत र अन्य खरिदको हकमा ७५ प्रतिशत बढिमा ➢ प्रति आयोजना अधिकतम १ लाख । |
| ६ | च्याउ/मौरी प्रवर्द्धन कार्यक्रम | ➢ कार्ययोजनामा च्याउको बिउ र आवश्यक सामाग्री अनिवार्य समावेश गर्नुपर्ने । ➢ कम्तिमा २० घार मौरीपालन गरेको र कम्तिमा २० प्रतिशत गोला थप गर्न सक्ने प्रस्तावनलाई प्राथामिकता दिन सकिने । | ➢ च्याउमौरी पालन सम्बन्धी / आवश्यक यन्त्र उपकरण र खरिद ➢ च्याउको हकमा कम्तिमा २ वटा प्लाष्टिक घर निर्माण । ➢ मौरी पालनको हकमा कम्तिमा २० वटा मौरी घार भएको । | ➢ पूर्वाधार निर्माणको हकमा कुल लागतको ८५ प्रतिशत र अन्य खरिदको हकमा ७५ प्रतिशत बढिमा ➢ प्रति आयोजना अधिकतम १ लाख सम्म । |
| ७ | फलफुल क्षेत्र विस्तार | ➢ स्याउ,ओखर,किबी,ओखर | ➢ स्याउ,ओखर,किबी,ओखर का | ➢ सरकारी मुल्य सूची अनुसार |

समिर गिरी
प्रमुख प्रशासकीय अधिकृत

puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नकरोला, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मितिः २०८०।०८।२२ गते

प सं.: ०८०।०८१
सुचना नं. 04

| | | | | |
|---|---|---|---|---|
| | (स्याउ,ओखर,किवी, सुन्तला जात,)कार्यक्रम। | जात मध्य कुनै एक बालीमा खेती गर्नुपर्ने ।<br>➢ कम्तिमा ३ रोपनीमा फलफुल खेति गर्ने प्रतिवद्धता । | बिरुवा वितरण। | फलफुलका बिरुवाको परल मुल्यमा ७५ प्रतिशत अनुदान । |
| ८ | पशुमा नश्ल सुधार कार्यक्रम (बाख्रा,भेडा र भैसि) | ➢ नश्ल सुधारको लागि प्रति कृषक कम्तिमा माउ भेडा ५० –, बाख्रा २५ – र भैसी –३ ओटा भएको हुनु पर्ने छ।<br>➢ फर्म कम्पनी /सहकारी/समुह/ दर्ता गरेको हुनु पर्ने। | ➢ शुद्ध/क्रस/उन्नत नश्लको प्राविधिक मापदण्ड खुलेको भाले पशु खरिद वितरण गर्ने। | ➢ कृषकलाई प्रजननको लागि योग्य शुद्ध/उन्नत/क्रस पशु (बोका/साँढ/राँगा) खरिद गरी वितरण गर्ने। |
| ९ | आहारा विकास कार्यक्रम | ➢ घाँस खेतिको लागि नर्सरी स्थापना।<br>➢ कम्तिमा २ रोपनी क्षेत्रमा घाँसको लागि नर्सरी स्थापना गर्नु पर्ने। | ➢ नर्सरीको लागि आवश्यक घाँसको विउ/बेर्ना/सेट्स खरिद।<br>➢ विषादी तथा औजार उपकरण र अन्य सामाग्री खरिद गर्ने | ➢ प्रति आयोजना अधिकतम १ लाख सम्म।<br>➢ कार्ययोजनामा उल्लेखित क्रियाकलापहरुको लागत खर्चमा बढिमा ७५ प्रतिशत सम्म अनुदान दिन सकिने। |
| १० | मागमा आधारित कृषि तथा पशुपन्छि विकास कार्यक्रम | ➢ कृषक/फर्म/कम्पनी/कृषक समुह/ सहकारी दर्ता हुनु पर्ने। | ➢ पशुपालन/कुखुरापालन/तरकारी / साना सिचाँई/नर्सरी ब्यवस्थापन/फलफुल लगायत भुगोल र हावापानी अनुकुल अन्य कार्यक्रम | ➢ पूर्वाधार निर्माणमा ८५ प्रतिशत र अन्य सामाग्री खरिदमा ७५ प्रतिशत। |
| ११ | चौरी प्रवर्द्धन कार्यक्रम | ➢ कृषक समुह/सहकारी/फर्म/कम्पनी दर्ता भएको<br>➢ कम्तिमा ५ ओटा चौरीपालन गरिरहेको | ➢ गोठ/टहरा/कुरुवा घर निर्माण, प्रजननको लागि याक/नाक खरिद , चरन/खर्क विस्तार/ सुधार, पिउने पानी तथा आहारा ब्यवस्थापन, औषधि उपचार/खोप/ जैविक सुरक्षा/तालिम संन्चालन, मेसिनरी औजार तथा अन्य उपकरण खरिद | ➢ कुल लागतको ७५ प्रतिशत |

समिर गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मितिः २०८०।०८।२२ गते

प सं.: ०८०।०८१
सुचना नं. ०४

**निवेदन साथ पेश गर्नु पर्ने का गजातहरु :-**

१. अनुसुची-२ बमोजिमको निवेदन
२. विस्तृत कार्ययोजा अनुसुची- ३ बमोजिम
३. सम्बन्धीत निकायमा कृषक समुह/समिती/व्यक्तिगत फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
४. कृषक समुह/समिती/व्यक्तिगत फर्म PAN/VAT दर्ता भए दर्ता प्रमाणपत्रको प्रतिलिपी
५. अघिल्लो आ व मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र
६. कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लेखित गरिएको वडा कार्यालय र कृषि/पशु सेवा केन्द्र/इकाईको सिफारिस पत्र
७. कृषक समुह/समितीको हकमा कार्यक्रम संन्चालन गर्ने सम्बन्धी बैठक बसेको निर्णयको प्रतिलिपी
८. कृषक समुह/समिति सदस्यहरुको नामावली (नागरिकताको फोटोकपी सहित)
९. कार्यक्रम संन्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामाको प्रतिलिपी
१०. यस सम्बन्धी निर्णय गर्ने अधिकार पुथा उत्तरगङ्गा गाउँपालिकामा सुरक्षित हुने छ।
११. यस सुचनामा उल्लेख नभएको कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार लागु हुने छ।

**नोटः-** निवेदन र संम्क्षिप्त व्याबसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संन्चालन प्रक्रिया यस गाउँपालिकाको कृषि/पशु सेवा शाखा, कृषि/पशु सेवा केन्द्र/इकाईहरु तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ। थप जानकारीको लागी पुथा उत्तरगङ्गा गाउँपालिका गाउँकार्यपालिको कार्यालय कृषि/पशु सेवा शाखा र कृषि/पशु सेवा केन्द्र/इकाईहरु तथा वडा कार्यालयहरुमा सम्पर्क गर्नुहोला।

**बोधार्थ :-**
श्री पुथा उत्तरगङ्गा गाउँपालिका सबै वडा कार्यलयहरु – सुचना टाँस गरि दिनु हुन।
श्री कृषि/पशु सेवा केन्द्र/इकाईहरु – सुचना टाँस गरि दिनु हुन।
श्री सुचना प्रविधी शाखा – Website मा अपलोड गरि दिनु हुन।

समिर गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

समिर गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत